नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(......................प्रशासन...................... शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०८२/८३/१/११

पत्र संख्या:-
प्राप्त पत्र संख्या:- .............
च.नं.:- ६१८

मिति : २०८२/१२/२२
नेपाल संवत् ११४६

**विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री महाशाखा सबै, नापी विभाग ।
श्री विशेष नापी कार्यालय सबै ।
श्री नापी कार्यालय सबै ।
श्री डिजिटल नापी कार्यालय बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.१.१/प्र/२०८२/०८३/१(१)४, च.नं.११३३, मिति २०८२/१२/१९ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट मिति २०८२/१२/१९ (सचिवस्तर) को निर्णयानुसार स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुको बुँदा नं. १३ कार्यान्वयन गर्ने सम्बन्धमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवाका कर्मचारीहरुको आचारसंहिता सम्बन्धी नियमावली, २०६५ मा उल्लेख भएका विषयहरुको अतिरिक्ति मन्त्रालयको पत्रमा तपसिल १ देखि ८ सम्म उल्लेखित विषयहरुको समेत परिपालना सुनिश्चित गरी निर्णय कार्यान्वयनका लागि यस विभागमा पत्र प्राप्त भएको हुँदा उक्त पत्रको छायाँ प्रति पाना १(एक) यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१२/२२

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

प्रशासन

नापी विभाग
GIOMS दर्ता नं.: १३३०
प्राप्त मिति: २०८२-१२-२२

पत्र संख्याः- १.१./प्र./२०८२/८३/१(१)४
चलानी नं.:- ९९३८

सिंहदरबार, काठमाडौं

मितिः- २०८२/१२/१९

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री महाशाखाहरु सबै ।
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री भूमि समस्या समाधान आयोग, ताहाचल ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर ।
श्री नापी विभाग, मीनभवन ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धूलिखेल ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर ।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर ।
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक ।
श्री कर्जा असुली न्यायाधीकरण, नयाँ बानेश्वर ।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसुचीहरुको बुँदा नं १३ कार्यान्वयन गर्ने सम्बन्धमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवाका कर्मचारीहरुको आचारसंहिता सम्बन्धी नियमावली,२०६५ मा उल्लेख भएका विषयहरुका अतिरिक्त तपशिलका विषयहरुको समेत परिपालना सुनिश्चित गर्नुहुन मिति २०८२/१२/१९ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित नहुने ।
२. कार्यालय समयमा कार्यालय बाहिर जानुपर्दा मनासिव कारण खुलाई अनिवार्य रुपमा लगबुक भर्ने।
३. कार्यालय उपस्थितिमा समय परिपालना र नियमिततामा कायम गर्ने । कार्यचापको अवस्था अनुसार कार्यालय समय अतिरिक्त समेत कार्य गर्नका लागि तयार रहनुपर्ने ।
४. कार्यालयमा पोशाक र परिचयपत्र लगाउने नियम परिपालना गर्ने।
५. सेवा प्रवाह तथा कार्यालयको आन्तरिक कार्यहरुमा तत्परता कायम गरी भ्रष्टाचार, ढिलासुस्ती अन्त्य गरी जनमुखी र उत्तरदायी सेवा प्रवाह गर्ने ।
६. सेवाग्राहीको अधिकारको सम्मान गरी मर्यादित र सभ्य व्यवहार गर्ने ।
७. सरकारका निर्णय, निर्देशन तथा नियमको तदारुकताका साथ परिपालना गर्ने र आवश्यकता अनुसार सो को सुचना समेत गर्ने ।
८. सेवाप्रवाहमा व्यावसायिक तथा पेशागत मानकहरुको अवलम्बन गरी वैयक्तिक क्षमताको अधिकतम उपयोग गरी कार्यमा तत्परता कायम गर्ने ।

(श्याम शरण गैह्रे)
शाखा अधिकृत

CamScanner